# ओता शहरमा बसोबास गर्न गाइडबुक

## 2024



© 大田区

大 田 区

ओता शहरद्वारा प्रकाशित

大田区くらしのガイド外国語版

# नेपाली भाषा




















## ओता वार्ड मेयर बाट अभिबादन

तपाईंहरू ओता वार्डमा आइदिनुभएकोमा हामी धेरै खुसी छौँ।
तपाईंहरूलाई मनैदेखि स्वागत गर्छौं।

ओता वार्ड, जहाँ उच्च सीप-कला भएको स्थानीय कारखाना, व्यस्त बजार, शान्त बस्ती र हरियाली पार्कहरू जस्ता विभिन्न आकर्षित ठाउँले भरिएको सहर हो। ओता वार्डमा जापानको मुख्य प्रवेशद्वार हानेदा विमानस्थल पनि भएकोले थुप्रै विदेशी यात्रीहरू आउनुका साथै ओता वार्डमा बस्ने विदेशीहरूको सङ्ख्या पनि बढ्दै गइरहेको छ।

ओता वार्डमा अन्तर्राष्ट्रिय सम्पर्क तथा बहुसंस्कृति सहजीवीलाई समग्रमा अगाडि बढाउँदै लैजान केइक्यु कामाता स्टेशन नजिकै “ओता अन्तर्राष्ट्रिय सम्पर्क केन्द्र(Minto Ota)” भन्ने एउटा भवन स्थापना गरिएको छ। Minto Ota-मा बहुभाषी परामर्श काउन्टरका साथै जापानी भाषाको कक्षा, अन्तर्राष्ट्रिय सम्पर्क तथा बहुसंस्कृति सहजीवी प्रवर्धन सम्बन्धी इभेन्ट तथा प्रदर्शन आदि संचालन गरिएको छ।

अबदेखि पनि वार्ड बासिन्दाहरूको जीवन र सहरको उत्साहमा टेवा पुर्याउँदै सबैजना ढुक्क र सन्तुष्ट जीवन बिताउन सकून् भनी वार्डको प्रशासन राम्रोसँग गर्ने कोसिस गर्छौं। यो पुस्तिकामा वार्ड बासिन्दाहरूको जीवनमा उपयोगी जानकारीहरू उल्लेख गरिएको छ। तपाईंहरूले दैनिक जीवनका विभिन्न अवसरमा यसको सदुपयोग गर्न सक्नुहोस् भनेर हामी कामना गर्दैछौँ।

२०२४ साल मार्च
ओता वार्ड अध्यक्ष आकिमासा सुजुकी

## ओता अन्तर्राष्ट्रिय सम्पर्क केन्द्र (Minto Ota)

वसि्तृत जानकारीको लागि पृष्ठ८

**ठेगाना** हुलाक-कोड १४४-००५२ कामाता ४-१६-८, दोस्रो तला
**टेलिफोन / फ्याक्स** ☎ 03-5744-1227 FAX 03-5744-1323
**सम्पर्क** केइहिन क्युको-सेन “केइक्यु कामाता स्टेशन” हिँडेर २ मिनेट
JR केइहिन तोहोकु-सेन “कानाता स्टेशन” हिँडेर ८ मिनेट

